स्थानीय राजपत्र

भिमाद नगरपालिकाद्वारा प्रकाशित

खण्ड ४)  भिमाद साउन ०८ गते, २०७७ साल (संख्या ३


भाग २

भिमाद नगरपालिकाको सूचना

# भिमाद नगरपालिकाको खर्चको मापदण्ड (पहिलो संशोधन) नियमावली, २०७७

भिमाद नगरपालिकाको खर्चको मापदण्ड, २०७६ लाई संशोधन गर्न बाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी भिमाद नगरपालिकाले देहायका मापदण्डहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरुको नाम " भिमाद नगरपालिकाको खर्चको मापदण्ड (पहिलो संशोधन) मापदण्ड, २०७७" रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ ।

२. भिमाद नगरपालिकाको खर्चको मापदण्ड, २०७६ को परिच्छेद २ को दफा ७ मा संसोधनः- उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ ।

(१) अत्यधिक समय फिल्डमा खटिई कार्य गर्नुपर्ने सि.डि.ई (नवौं/दशौं), इन्जिनियर (छैठौं/सातौं/आठौं), असिष्टेन्ट सब इन्जिनियर र सब इन्जिनियर (चौथो/पाचौं) र अमिन (चौथो) पदमा कार्यरत कर्मचारीहरुलाई निजहरुले खाइपाइ आएको शुरु तलब स्केलको ४० प्रतिशत रकम फिल्ड भत्ता वापत उपलब्ध हुनेछ तर महिनामा ७ दिन भन्दा बढि बिदामा बसेमा उक्त महिनामा फिल्ड भत्ता उपलब्ध हुने छैन ।

प्रमाणीकरण मितिः २०७७/०४/०८

आज्ञाले,
थमन सिंह थापा
प्रमुख प्रशासकीय अधिकृत